नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८२/०८३

चलानी नं. २८५

मिति: २०८२/११/१३

जिल्ला समन्वय समितिको कार्यालय सबै,

श्री महानगरपालिका, उप महानगरपालिका, नगरपालिका सबै,

श्री गाउँपालिका सबै,

विषय: बैठकको निर्णय कार्यान्वयन गर्ने/गराउने सम्वन्धमा ।

प्रस्तुत विषयमा गृह मन्त्रालयको प.सं. शा.सु. २०८२/०८३, च.नं. १२९३ मिति २०८२/११/१२ को पत्र मार्फत निर्वाचन आयोग, नेपालको मिति २०८२/११/०९ को सार्वजनिक विदा, मतदान केन्द्र उपलब्ध तथा व्यवस्थापन गर्ने गराउने, मतदान केन्द्रमा First Aid सेवा उपलब्ध गराउने र आवश्यक/आपतकालिन स्वास्थ्य सेवा उपलब्ध गराउने सम्बन्धी निर्णयहरु कार्यान्वयन गर्ने/गराउने सम्बन्धी पत्रको छायाँप्रति यसैसाथ संलग्न गरी आवश्यक जानकारी तथा कार्यार्थ पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

(प्रकाश पन्थी)

शाखा अधिकृत

बोधार्थ:

श्री गृह मन्त्रालय, निर्वाचन सेल ।

श्री निर्वाचन आयोग, नेपाल

श्री सूचना प्रविधि शाखा, सबै जि.स.स./ गाउँ/नगरपालिकाको ईमेलमार्फत पत्र प्रेषित गरी मन्त्रालयको वेबसाईटमा समेत अपलोड गरिदिनु हुन ।

फोन नं.:०१-४२११२०८
०१-४२११२१४
इमेल:control@moha.gov.np
mohacontrolroom@gmail.com

नेपाल सरकार

# गृह मन्त्रालय

(निर्वाचन सेल)

सिंहदरवार,
काठमाडौं, नेपाल।

पत्र संख्या:- शा.सु. ०८२/०८३
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:- १२९६

मितिः २०८२/११/१२
नेपाल संवत ११४६

विषयः बैठकको निर्णय पठाइएको सम्बन्धमा।

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाडौं।

श्री शिक्षा मन्त्रालय,
सिंहदरवार, काठमाडौं।

श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय,
सिंहदरवार, काठमाडौं।

प्रस्तुत विषयमा निर्वाचन आयोग, नेपालको च.नं. ३७२, मिति २०८२/११/१० को पत्रबाट लेखी आएको आयोगको मिति २०८२।११।९ को निर्णय पाना-२ (दुई) यसैसाथ संलग्न राखी तहाँ मन्त्रालयसँग सम्बन्धित निर्णय कार्यान्वयनको लागि पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ।

(दिपक कुमार आचार्य)
शाखा अधिकृत

<u>बोधार्थः</u>
श्री निर्वाचन आयोग, नेपाल, काठमाडौं।

श्री संघीय मामिला महाशाखा

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सचिवज्युको कार्य कक्ष
१२०६
०८२।११।१३

# निर्वाचन आयोग, नेपाल
# ELECTION COMMISSION, NEPAL

प.सं. च.नं./ Ref:

(१-१-१-३५ क.प्र.) २०८२/०८३
३६२

मितिः २०८२/११/१०
ने.सं. ११४६

विषयः सार्वजनिक बिदा सम्बन्धमा।

श्री गृह मन्त्रालय,
सिंहदरवार, काठमाडौं ।

सम्माननीय राष्ट्रपतिज्यूबाट संवत् २०८२ फागुन २१ गते प्रतिनिधि सभा सदस्य निर्वाचन हुनेगरी मिति निर्धारण भएबमोजिम आयोगबाट निर्वाचनको समयमा गर्नुपर्ने कार्यहरू कार्यतालिका बमोजिम निरन्तर भैरहेका छन् । स्वीकृत कार्यतालिका बमोजिम संवत् २०८२ फागुन २१ गते बिहिवार बिहान ७:०० बजेदेखि अपरान्ह ५:०० बजेसम्म मतदान गर्ने समय तोकिएको छ। मतदान कार्यका लागि निर्धारण गरिएका मतदान केन्द्रहरूमध्ये धेरैजसो मतदान केन्द्रहरू सार्वजनिक विद्यालय, वडा कार्यालय भवन, स्वास्थ्य चौकी भवनहरूमा रहेका छन्। निर्वाचन कार्यक्रम अनुसार मिति २०८२/११/१८ गते राती १२:०० बजेदेखि प्रचार प्रसार निषेध गरिएकोले कर्मचारीहरू मतदान केन्द्रमा पुगी मतदान केन्द्रको निर्धारण गर्नुपर्ने भएको हुँदा मिति २०८२/११/१९ गते मंगलबारदेखि मिति २०८२/११/२१ गते बिहिबारसम्म ३ दिन ती मतदान केन्द्रहरूमा निर्वाचन सम्बन्धी कार्यक्रमहरू सम्पन्न हुने हुँदा मतदान केन्द्र रहेका भवन परिसर मिति २०८२/११/१९ गतेदेखि २०८२/११/२१ गतेसम्म उपलब्ध गराउन र मतदान कार्यमा मतदाताको उत्साहजनक सहभागिता बढाई निर्वाचनलाई थप स्वच्छ, स्वतन्त्र र भयरहित वातावरणमा सम्पन्न गराउन मतदानका दिन सार्वजनिक बिदा दिन सम्बन्धित निकायमा लेखी पठाउने सम्बन्धमा आयोगबाट मिति २०८२/११/०९ मा देहाय बमोजिम निर्णय भएकोले सोही अनुसार गर्ने/गराउने व्यवस्था हुन निर्णयानुसार अनुरोध छ ।

देहायः

१. प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ को मतदान हुने मिति २०८२/११/२० गतेदेखि २०८२/११/२२ गतेसम्म ३ दिनका लागि नेपालभर सरकारी कार्यालय, शिक्षण संस्था,


कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ५३२८६६३ । फ्याक्सः (९७७-१) ५३२५५८०
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 5328663, Fax: (977-1) 5325580
E-mail: info@election.gov.np, Website: www.election.gov.np

प.सं. च.नं./ Ref:

लगायतका निकायहरू बन्द रहने गरी सार्वजनिक बिदाको व्यवस्था मिलाउन नेपाल सरकारलाई अनुरोध गर्ने।

२. मिति २०८२/११/२१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि मतदान तथा निर्वाचन सम्बन्धी व्यवस्थापकीय कार्य सञ्चालन गर्न मिति २०८२/११/१९ गते मंगलबारदेखि मिति २०८२/११/२१ गते बिहिबारसम्म ३ दिनका लागि मतदान केन्द्र कायम रहेका शिक्षण संस्था, स्वास्थ्य चौकी, वडा कार्यालय लगायतका सरकारी संरचनाहरू र ती सरकारी संरचनाहरूमा रहेका भौतिक सम्पत्ति उपयोग गर्न सक्नेगरी व्यवस्था मिलाइदिन सम्बन्धित मन्त्रालय र स्थानीय तहमा पत्राचार एवम् समन्वयका लागि नेपाल सरकारलाई अनुरोध गर्ने।

३. मतदान स्थल तथा केन्द्र तोकिएका सार्वजनिक विद्यालय, वडा कार्यालय, स्वास्थ्य चौकी तथा अन्य भवन एवम् भौतिक संरचना मतदान प्रयोजनका लागि उपयोग गर्न त्यस्ता भवन र भवन परिसर मिति २०८२/११/१९ गते मंगलबारदेखि मिति २०८२/११/२१ गते बिहिबारसम्म उपलब्ध गराउन नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत सबै स्थानीय तहमा लेखी पठाउने।

४. प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ को मतदान हुने दिन संवत् २०८२ साल फागुन २१ गते सबै मतदानकेन्द्रमा खटिने कर्मचारी, सुरक्षाकर्मी तथा मतदान गर्न आउने मतदातालाई आवश्यक पर्न सक्ने First Aid सेवा सम्बन्धित मतदानस्थलमा उपलब्ध गराउन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत सबै स्थानीय तहमा लेखी पठाउने।

५. सबै मतदानस्थलमा खटिने कर्मचारी, सुरक्षाकर्मी तथा मतदान गर्न आउने मतदातालाई अति आवश्यक/आपतकालिन उपचार सेवा उपलब्ध गराउन सक्नेगरी देशभरका अस्पताल तथा स्वास्थ्य संस्थाहरूमा चिकित्सक, स्वास्थ्यकर्मी र औषधी तयारी अवस्थामा राख्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा लेखी पठाउने।

२०८२/११/१०

(नारायण प्रसाद भट्टराई)

सहसचिव